बडीमालिंका नगरपालिका

स्थानीय राजपत्र

खण्ड ६ संख्या १५ मिति २०७९माघ ९ गते,सोमवार

भाग:२

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धि रणनीति २०७९

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

आज्ञाले,
रंगमल वि क
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

## बडिमालिका नगरपालिकाको लैससास रणनीति २०७९

### १. पृष्ठभुमि वा परिचय :

संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने क्रममा गठन भएको तीन वटै तहको शासन व्यवस्थालाई जनउत्तरदायी बनाई समाजमा व्याप्त विभेद, उत्पीडन, शोषणको अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सिद्धान्तका आधारमा न्यायपूर्ण समाज निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो । यो विषयलाई नेपालको संविधानले महत्वपूर्ण स्थान दिएको छ । संविधानको प्रस्तावनामा नै समानुपातिक समावेशी र सहभागीतामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माणको संकल्प गरिएको छ । समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन, महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक हुनेछ र पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव बिना सबै सन्तानको समान हक हुने व्यवस्था संविधानले गरेको छ । यो सँगै महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन र त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक समेत हुने व्यवस्था गरेको छ । लैङ्गिक भेदभाव बिना राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी गराउनु पर्ने र महिलालाई शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने व्यवस्था समेत संविधानले गरेको छ । साथै संविधानको धारा २५२ ले राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोगको रुपमा स्थापित गरेको छ ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ लाई सन् १९९१ मा सोको ऐच्छिक प्राटोकल, १९९९ लाई सन २००७ मा समान कामका लागि महिला र पुरुषबीच समान पारिश्रमिक सम्बन्धि महासन्धि १९५१ (आईएलओ १००) लाई सन १९७६ मा र रोजगार तथा पेशामा हुने विभेद सम्बन्धि महासन्धि, १९५८ (आईएलओ १११) लाई सन १९७४ मा नेपालले समेत अनुमोदन गर्दै लैङ्गिक समानतामा अन्तर्राष्ट्रिय प्रतिवद्धता समेत जनाई सकेको छ ।

त्यस्तै सामाजिक समावेशीकरणलाई उच्च प्राथमिकता दिदै संविधानले समानताको हक (धारा १८), छुवाछुत तथा भेदभाव विरुद्धको हक (धारा २४), धार्मिक स्वतन्त्रताको हक (धारा २६), शोषण विरुद्धको हक (धारा २९), शिक्षा सम्बन्धि हक (धारा ३१), रोजगारीको हक (धारा ३३), श्रमको हक (धारा ३४), बालबालिकाको हक (धारा ३९), दलितको हक (धारा ४०), जेष्ठ नागरिकको हक (धारा ४१), सामाजिक न्यायको हक (धारा ४२) र सामाजिक सुरक्षाको हक (धारा ४३) को व्यवस्था गर्दै सामाजिक समावेशी करणको विषयलाई कानूनी रुपमा नै सुनिश्चित गरिएको छ । सामाजिक समावेशीकरणको सवाललाई उच्च प्राथमिकता दिदै संविधानको धारा ४२ ले सामाजिक समावेशीकरणका लागि लक्षित

CS CamScanner

समुह समेत उल्लेख गर्दै तिनीहरुलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिता गराउनु पर्ने कुराको व्यवस्था गरिएको छ ।

आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगार, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने व्यवस्थाका साथै अपांगत भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक समाज पहुँचको हकको व्यवस्था गरिएको छ । यो सँगै लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्व पीडित, विस्थापित, अपांगता भएका व्यक्ति, घाईते तथा पीडितलाई न्याय एवम् उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा प्राथमिकताको अवसर प्रदान गर्नुपर्ने व्यवस्था कानूनले गरेको छ भने धारा ५१ को खण्ड (ञ) ले सामाजिक न्याय र समावेशीकरण नीति शिर्षकमा महत्वपूर्ण १४ वटा नीति समेत तय गरि दिएको छ ।

लैङ्गिक समानता र सामाजिक समावेशीकरणको विषयलाई यति उच्च प्राथमिकता दिदा पनि तर राज्यका विभिन्न तहमा यसका कार्यान्वयनको विषय अझै कमजोर अवस्थामा रहेका र यसलाई सशक्त रुपमा कार्यान्वयन गर्नु पर्ने ठुलो चुनौती बनेको छ । लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रभावकारी बनाउन नसकेसम्म राज्यले दिगो विकासका लक्ष्य पुरा हुन सक्दैन । लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई कार्यान्वयन गर्नका लागि राज्यका सबै निकाय उत्तरदायी बन्नु पर्दछ । राज्य र सरोकारवाला सबै पक्षले यसका लागि योजना, नीति तथा कार्यक्रम बनाउन र यसको कार्यान्वयनका लागि सशक्त भुमिका खेल्नु हामी सबैको दायित्व हो ।

अतः स्थानीय सरकारद्वारा संचालन हुने नीति, योजना, बजेट, कार्यक्रम, सेवा प्रवाह, स्थानीय तहद्वारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैगिक समानता र सामाजिक समावेशीकरण मैत्री बनाउना संवैधानिक एवम् कानूनी दायित्व तथा जिम्मेवारी पुरा गर्न राज्यले अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता अनुरुप कार्य गर्न स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहमा लैससासको संस्थागत विकाससँगै समानुपातिक समावेशी सिद्धान्तको आधारमा समावेशी तथा दिगो विकासका लागि यो रणनीति तयार पारिएको हो ।

## २. बडिमालिका नगरपालिकाको परिचय

सुदूर पश्चिम प्रदेश अन्तर्गतको बाजुरा जिल्ला साबिकको जुगाडा, मार्तडी र बुढीगंगा गा.वि.स. जोडेर वि.सं. २०७१ सालमा बडिमालिका नगरपालिका बनाईएको हो । यो नगरपालिका जिल्लाको पहिलो नगरपालिका हो । यस नगरपालिकामा ९ वटा वडा रहेका छन् । बडिमालिको पूर्वमा बुढीनन्दा नगरपालिका र जगनाथ गाउँपालिका, पश्चिममा गौमुल गाउँपालिका, छेडेदह गाउँपालिका र बुढीगंगा

CamScanner

नगरपालिका, उत्तरमा गौमुल गाउपालिका र बुढीनन्दा नगरपालिका र दक्षिणमा त्रिवेणी नगरपालिकासँग जोडिएको छ । समुद्री सतह देखि १०८० मिटर देखि ४३६० मि. सम्म फैलिएको बडिमालिका नगरपालिकाको अधिकांश भूभाग उच्च पहाडी क्षेत्र भित्र पर्दछ भने यसको क्षेत्रफल २७६ वर्ग किलो मिटर रहेको छ । अधिकांश भु-भाग भिरालो छ भने कहीं खोला तथा नदी किनारामा भने साना साना फाँट तथा खोँचहरु पनि रहेका छन । यसको ६० प्रतिशत भुभाग नगरपालिकामा वन जंगलले ओगटेको छ । घासे भुभाग, बुट्यान र उजाड क्षेत्र २८.३३ प्रतिशत रहेको छ भने चट्टानले ०.०७ प्रतिशत भु-भाग ओगटेको छ ।

कुल जनसंख्या १७२२७ रहेको यस नगरपालिकामा पुरुषको संख्या ८८५२ र महिलाको संख्या ८३७५ रहेको छ । जिल्ला सदरमुकाम रहेको नगरपालिका भएको कारण नगरपालिकामा जिल्लाकै एक नमुना विद्यालय, क्याम्पस, जिल्ला अस्पताल, जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, जिल्ला प्रहरी कार्यालय लगायत सरकारी तथा गैरसरकारी संघ संस्थाका कार्यालय यहि नगरपालिकामा रहेका छन्

बडिमालिका नगरपालिकामा जम्मा ३१२९ घरधुरीको बसोबास रहेको छ । यस नगरपालिको हाल जनसंख्या १७२२७ रहेको छ । यहाँ क्षेत्रीहरुको बाहुल्यता उच्च देखिए पनि त्यसपछि क्रमशः दलित, बाह्मण, जनजाति र दशनामीहरुको समेत बसोबास रहेको छ । जातिगत अवस्थालाई हेर्दा यहाँ रावल, बडुवाल, खड्का, थापा, विष्ट, धामी, बुढा, रोकाया, भण्डारी, कार्की, साउद, कठायत, खत्री, महत, गुयाल, ऐडी, बोहरा, दानी, वली, वंम, हमाल, सिंह, शाही, नाथ, बोगटी, उपाध्याय, पण्डित, जैशी, ल्वार, सार्की, वि.क,, दमाई, उखेडा, चदारा, ताम्राकार, तिरुवा, परी, मिजार, राना, रेग्मी, श्रेष्ठ, भोटे, भारती, देउवा लगायत जातीका मानिसको बसोबास रहेको छ । पेशा, व्यवसाय, अध्ययन, रोजगारीको शिलशिलामा नगरपालिका बाहिरबाट यस नगरपालिकामा करिव ७ सय घरधुरीमा भाडामा बसी रहेका छन् ।

**३. विगतका व्यवस्था तथा यहाँको वर्तमान स्थिती :**

यो नगरपालिकामा जिल्ला सदरमुकाम समेत रहेका हुँदा जनतामा विकासका धेरै विषयहरु आशातित रुपमा अगाडी बढी रहेका छन् । सेवा प्रवाह निकाय तथा कार्यालय नगरपालिका क्षेत्रमा नै भएकोले पनि लैङ्गिक समानताका सवालहरुको उठान गर्न र हिंसाजन्य कार्यका विरुद्ध कानूनी उपचारको बाटोमा जान सजिलो देखिन्छ । लैङ्गिक समानता र सामाजिक समावेशीकरणको विषय कहि कार्यान्वयन हुन सकेन भने पनि अधिकारकर्मी, पत्रकार तथा अन्य सरोकारवाला पक्षहरुबाट ती विषयको तत्काल उठान हुने गर्दछ । जसले गर्दा लैङ्गिक समानता स्थापित गर्ने विषय यहाँ केही सजिलो देखिन्छ । तर यति हुँदा हुँदै पनि लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवालहरु विविध कारणले ओझेलमा परि रहेका छन् ।

महिला हिंसा सम्बन्धि गएको तीन वर्षको जिल्ला अदालतको आँकडा हेर्दा पनि सबै भन्दा बढी मुद्दा महिला हिंसा सम्बन्धि कसूर नै बढी देखिन्छन् । घर परिवार तथा अन्य व्यक्तिबाट पीडित भई

CamScanner

उनीहरुको कानूनी उपचारको काम गरि रहेको जिल्लाको सुरक्षित आमा घर (सेभ होम) को तथ्याङ्क हेर्दा समेत हिंसा पीडित महिलाको संख्या प्रसस्तै देख्न पाईन्छ । जिल्ला प्रहरी कार्यालय र नगरपालिकाको न्यायिक समितिमा समेत प्राय: लैङ्गिक हिंसा सम्बन्धि उजुरी नै बढी छन् ।

महिलाको हरेक क्षेत्रमा जति हुनुपर्ने सहभागीता समेत हुन सकेको छैन । विभिन्न राजनीतिक संगठनहरुमा पुरुषको नै बाहुल्यता देखिन्छ । रोजगारीका सवालमा पनि महिला पछाडी नै रहेका छन् । ठुलो ओहदाको पद प्राप्तिमा पनि महिला यहाँ पछाडी नै छन् । चेतना स्तर निकै कम देखिन्छ ।

नगरपालिकामा स्थानीय सरकारको रुपमा नगरपालिकाको कार्यालय, राज्यका अन्य स्थानीय सरकारका विभिन्न विषयगत शाखाहरु (स्वास्थ्य शाखा, शिक्षा शाखा, कृषि शाखा, पशु सेवा शाखा, हुलाक, ...... कार्यालय) लगायतका कार्यालयहरुले स्थानीय नागरिकलाई आ-आफ्नो सेवा प्रवाह गरिरहेका छन् । लक्षित वर्ग सशक्तिकरण, स्थानीय शासन, लघु उद्यम, गरिवी निवारण, महिला शसक्तिकरण, आधुनिक कृषि प्रणाली लक्षित कार्यक्रम जस्ता विभिन्न विषयगत क्षेत्रमा विकासका साझेदार निकायहरुले आ-आफ्नो क्षेत्रमा काम गरिरहेका छन् । यसका साथै नगरपालिकामा विभिन्न आमा समुह, कृषक समुह, स्वावलम्बन समुह, लक्षित वर्ग सञ्जाल तथा सहकारी संस्थाहरुले बचत, ऋण लगायतका वित्तीय सेवा प्रवाह गरिरहेका छन् । स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधी, स्थानीय समुदाय र राजनितिक दलको संयुक्त तथा समन्वयात्मक प्रयासले नगरपालिकाको योजना तर्जूमा देखि हरेक विकास निर्माणका क्रियाकलापहरु लगायत महत्वपुर्ण निर्णयहरु गर्दा छलफल र सामुहिक तरिकाले गर्ने गरेको देखिन्छ ।

यस नगरपालिकाका जनता आर्थिक उपार्जनका लागि धेरै जसो व्यवसाय गरि रहेका छन् । जिल्ला सदरमुकाम भएको कारण पनि यहाँ बजार भएका कारण कृषि, पशुपालन लगायत अन्य व्यवसाय गर्नका लागि यो नगरपालिका अवसरको रुपमा मान्न सकिन्छ ।

## ४. लैससास सम्वन्धमा प्रमुख रुपमा देखिएका मुख्य सवालहरु, सरोकाकारवाला, सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, चुनौती र अवसरहरु

### सरोकारवालाहरुको पहिचान

लैससास नीति निर्माण तथा व्यवहारीक रुपमा कार्यान्वयनका लागि सहयोग तथा सवाल समाधानका लागि सहयोगी निकायहरुलाई पहिचान गर्नुपर्ने हुन्छ जो बडिमालिका गाँउपालिकाका सरोकारवाला निकाय यस प्रकार रहेका छन ।

- कार्यपालिकाका पदाधिकारीहरु
- न्यायिक समिति
- वैतनिक वकिल

- जिल्ला प्रहरी कार्यालय
- महिला प्रहरी सेल
- ओ.सि.एम.सी.
- जिल्ला स्वास्थ्य कार्यालय
- जिल्ला अस्पताल
- राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरु
- अदालत, जिंल्ला सरकारी वकील कार्यालय
- सुरक्षित आवासगृह
- धामी झाँक्री, पुजारी
- विभिन्न उपभोक्ता समिति
- स्थानीय समाजसेवी
- बाल क्लव, युवा क्लव
- महिला तथा बालबालिका शाखा
- राजनैतिक दल

**५. लैससास सम्वन्धी सवालहरु :**

यस बडिमालिका नगरपालिकामा लैगिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धि सवालहरु तपसिल बमोजिम रहेका छन ।

- परम्परागत कुरीतीहरु र रिती तथा रिवाजहरु -धामी झाक्री
- घरेलु हिंसा
- बाल विवाह
- छुवाछुत
- छाउपडी प्रथा शतप्रति
- स्रोत तथा सम्पतीमा स्वामित्व
- लैङ्गिक हिसा
- मौषमी बसाईसराई

६. बडिमालिका नगरपालिकाको SWOT विश्लेषण

| विषय क्षेत्र | सवल पक्ष | सुधार गर्नुपर्ने पक्ष | चुनौतीहरु | अवसर |
|---|---|---|---|---|
| नीति कानून योजना | • विभेद रहित बजेट विनियोजन प्रणाली भएको ।<br>• उपभोक्ता समितिको मुख्य पदमा महिलालाई प्राथमिकता<br>• महिला, बालबालिका, जेष्ट नागरिक,अपाँगहरु का लागि बजेट विनियोजन भएको | • लैससास नीति नहुनु<br>• बनेका नीतिहरु प्रभावकारी रुपमा कार्यान्वयन<br>• नभएका | • भौगोलिक विकटताका कारण लैससासका लाभान्वीत वर्गलाई सेवा लिनमा समस्या<br>• विनियोजित बजेट निर्धारित उद्देश्य अनुसार कार्यान्वयन समश्या । | • पालिका,प्रदेश संघ ले लैससास सम्वन्धि रणनिति तयार गर्ने व्यवस्था भएको ।<br>• नेपालको संविधान २०७२,स्थानीय सरकार संचालन ऐन २०७४ ले लैससास सम्वन्धी नीति तयार गर्न स्थानीय सरकारलाई जिम्मेवारी दिएको । |
| संस्थागत व्यवस्था | • महिला तथा बालवालिका तथा समाजकल्याण शाखाको स्थापना भएको<br>• स्थायी जनशक्ति भएको<br>• न्यायीक समिति स्थापना भएको | • थप कर्मचारीको व्यवस्थापन गर्नुपर्ने | लैससास समिति निर्माण नहुन,<br>न्यायीक समिति सक्रिय नहुनु | • पालिकाको समग्र सामाजिक विकास लैससास नीति अनुरुप हुनुपर्नेमा सवैको जोड रहेको।<br>• नेपालको संविधान २०७२,स्थानीय सरकार संचालन ऐन २०७४ ले लैससास सम्वन्धी नीति तयार गर्न स्थानीय सरकारलाई जिम्मेवारी दिएको । |

| | | | | |
|---|---|---|---|---|
| मानव संशाधन तथा क्षमता विकास | • यस पालिका भएको जनशक्ती तालिम प्राप्त कर्मचारी तथा जनप्रतिनिधि भएको<br>• सिमित दक्ष कर्मचारी हुनु<br>• न्यायीक समितिको स्थापना | • आवश्यकता अनुसार दक्ष कर्मचारीको व्यवस्थापन नभएको।<br>• न्यायी समितिले सक्रिय रुपमा काम कारवाही अघाडी नबढाउनु | • दक्ष जनशक्तीको अभाव,तथा व्यवस्थापन गर्न नसक्नु | • दक्ष जनशक्तीको लागि आर्थिक स्रोत प्रयाप्त हुनु<br>• क्षमताका विकासका लागि प्रयाप्त अवसर , प्रावधान रहेको । |
| सेवा प्रवाह | • समान कामको समान ज्याला<br>• विभिन्न सहयोगी संस्था रहेको तथा सरोकारवाला निकाय रहेका | • कार्यविधि तयार गरि नीतिगत रुपमा पहल हुनुपर्ने ( समानकाम को समान ज्याला )<br>• थप सहयोगी निकायलाई कामगर्ने वातावरण सृजनामा जोड दिनुपर्ने<br>• विनियोजित योजनाको उद्देश्य अनुसार कार्यान्वयन नभएका | • विधिवत रुपमा वनेका नीति तथा कार्य विधिहरुलाई कार्यान्वयनमा जोड दिन नसक्नु<br>• भौगोलिक विकटता | • PLGSP,UNFPA,कादुरी नेपाल सहयोगी निकायले लैससास सम्वन्धी नीति तथा योजना निर्माणमा सहयोगी भुमिका निर्वाह ।<br>• सेवा प्रवाहका लागि प्रयाप्त समय, साधन स्रोत ,पद्धती स्थापना गर्न सजिलो अवस्था सृजना भएको । |
| सुशासन तथा उत्तरदायित्व | • विभेद रहित बजेट विनियोजन प्रणाली भएको<br>• महिला, | सरोकारवालाहरुको अर्थपूर्ण सहभागिता नभएको । | • लैससासको दृष्टीकोणबाट बजेट विनियोजन भएतापनि | • दिगोविकास लक्ष्यले लैससासलाई प्रमुख मुद्धाको रुपमा अवलम्वन गरेको । |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | वालबालिका, जेष्ट नागरिक,अपाँगहरु का लागि बजेट विनियोजन भएको | | कार्यान्वयन पद्धतिमा ढिलाई । | |

## ७. लैससास नीति तर्जुमाको आवश्यकता तथा महत्व

नगरपालिकामा विभिन्न जातजाती, वर्ग सम्प्रदाय र साँस्कृतिक पहिचान सँगै नेपालको संविधान अनुसार वर्गिय जातिय, क्षेत्रीय, आर्थिक, धार्मिक विभेद र सबै प्रकारका विभेद जातिय छुवाछुतको अन्त्य गरि आर्थिक सामाजिक रुपमा सम्वृद्ध समाजनिर्माण गर्ने सामानुपातिक सहभागितामुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्नुका साथै विभिन्न मौलिकहक लगायत महिला, बालबालिका, जेष्ठ नागरिक र सामाजिक र आर्थिक रुपमा पछाडि पारिएका वर्गहरुको हकको सुनिश्चता गर्नुपर्ने नेपालको कानून र स्थानिय सरकारको दायित्व भित्र पर्दछ । त्यसैले यस नगरपालिकामा लैससास नीति नियम, सेवा प्रवाह, विकास निर्माण लगाएतका कार्यक्रमहरुमा लैससासलाई मुलप्रवाहिकरण गरि सिमान्तकृत समुदायलाई विकासको मुलधारमा समाहित गर्नको लागि प्रादेशिक सुशासन केन्द्रको प्राविधिक तथा आर्थिक सहयोगमा बडिमालिका गाँउपालिकाले यो लैससास नीति २०७९ निर्माण गर्न लागेको हो ।

## ८.दिर्घकालिन सोच (VISION)

❖ **समतामुलक समृद्ध पालिका निर्माण**

## ९.लक्ष्य (GOAL)

❖ सामाजिक तथा न्यायपुर्ण संस्थागत संरचना निर्माण र नीतिगत कार्य प्रणालीको अवलम्वन गरेर समतामुलक समृद्ध समाजको निर्माण भएको हुनेछ ।

## १०.उद्देश्य:

- यस पालिकामा वसोवास गर्ने पछाडी पारिएका वर्ग तथा सिमान्तकृत बर्ग (महिला, दलित, जनजाती अल्पसंख्यक) तथा समुदायको क्षमता अभिबृद्धि गरि सशक्तीकरणको माध्यामबाट सम्पतीको अधिकारमा समान पहुच र नियन्त्रणमा सुनिश्चता गर्ने ।
- लैससासको अवधारणालाई संस्थागत गर्न बडिमालिका नगरपालिकामा स्पष्ट नीति,योजना, कार्यक्रम तथा बजेटको सुनिश्चितता गर्ने ।
- पालिकाका हरेक योजना तथा कार्यक्रमहरुलाई लैससासको अवधारणा अनुसार मुलप्रवाहिकरण गर्ने ।

११. बिषयक्षेत्र, निती, रणनिती,कार्यनित

| विषय क्षेत्र | उद्देश्य | नीति | रणनीति | कार्यनीति |
|---|---|---|---|---|
| नीति, कानून र योजना | पालिकाका हरेक योजना तथा कार्यक्रमहरुलाई लैससासको अवधारणा अनुसार मुलप्रवाहिकरण गर्ने। | • लैससास मैत्री नीति बनाउनको जोड दिने ।<br>• पालिकाको नीति व्यवस्था कार्यक्रम तथा बजेट लैससास उत्तरदायी बनाउने | • आवधिक योजना र वार्षिक विकास कार्यक्रममा लैससास नीति, रणनीति, कार्यक्रम गरि पछाडी परेका वर्ग, जाति, क्षेत्रका जनताको सहभागीता सुनिश्चित गर्ने ।<br>• योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपूर्ण सहभागीताको सुनिश्चिता गर्ने ।<br>• स्थानीय स्तरको योजना तर्जुमा गर्दा टोल स्तरबाट नै लक्षित समुदायलाई अर्थपूर्ण सहभागीता गराईने छ । | • लैससास मैत्री नीति बनाउनको लागि भएका नीतिहरुको विश्लेषण र समिक्षा गर्ने ।<br>• लक्षितवर्गहरुमा लैससास सम्बनिध अभिमुखिकरण अभियानहरु चलाउने र वार्षिक रुपमा समिक्षा कार्यक्रम संचालन गर्ने<br>• लैससास मैत्री योजना तथा कार्यक्रम गर्नका लागि अनुशिक्षण गोष्ठी संचालन गर्ने ।<br>• पालिकामा लैससास नीति निर्माण तथा अनुमोदन गर्ने ।<br>• समुदाय स्तरमा लैससास सम्वनिध अभिमुखिकरण अभियान संचालन गर्ने ।<br>• नगरपालिकाको न्यायिक समितिमा लैससाससँग सम्बन्धि मुद्दाहरु दर्ता गरि सुनुवाई गर्ने ।<br>• बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला, दलित, |

| | | | | |
|---|---|---|---|---|
| | | | | बालबालिका, अपांगता भएका व्यक्ति, जनजाति लगायत सबै लक्षित वर्ग तथा समुदायसँग छलफल गर्ने । |
| संस्थागत व्यवस्था | लैससास अवधारणालाई पालिका स्तरमा संस्थागत गर्ने संयन्त्रतयार गर्ने। | लैससास अवधारणालाई पालिका स्तरमा संस्थागत गर्ने संयन्त्रतयार गर्ने। | • | दलित, पीडित महिला ,अतिविपन्नवर्गको तथ्याँक संकलन तथा अध्यावधिक गर्ने ।<br>• लक्षितवर्गले पाएको सेवा सुविधाको मापन गरेर तथ्याँकको सुचीकृत गर्ने ।<br>• प्राप्त तथ्याँकलाई विश्लेषण गरि प्राथमिकिकरण गरेर उक्त लक्षितवर्गको समुह निर्माण गरि सशक्तिकरणका क्रियाकलापहरु संचालन गर्ने।<br>• सम्पन्ता स्तरिकरण गरि श्रमिक र सिमान्तकृत वर्गहरुका लागि लैससासको अवधारणालाई आत्मसाथ गर्दै पेशामाआधारितव्यवसायहरु संचालन गर्न पालिकामा बजेट र कार्यक्रमलाई पालिकाको वार्षिक योजनामा समावेश गर्ने।<br>• महिला विकास कार्यक्रमद्धारा गठीत संस्था समती र समुहहरुलाई परिचालन गरी |

| | | | | |
|---|---|---|---|---|
| | | | | बस्तीस्तरको योजना छनौटमा लक्षित समुदायको सहभागिता बृद्धि गर्ने ।<br>• बस्तीस्तरका योजनाहरुको छनौट पछि तिनिहरुको प्राथमिकीकरण अतिआवश्यक योजना पालिकामा अनुमोदनका लागि पठाउने ।<br>• योजनाको कार्यान्वयन चरणमा लक्षित समुदायको प्रत्यक्ष सहभागिता गरि उपभोक्ता समिति गठन गरि कार्यान्वयन गर्ने ।<br>• वेलावेलामा कामको गुणस्तर मापन गर्ने योजनाको निरन्तर अनुगमन गर्ने ।<br>• योजनाको गुणस्तर मापन र समयमै कार्य सम्पादनमा गर्ने कार्यमा जोड दिने ।<br>• वडा र पालिकामा लैससास समिति गठन तथा परिचालन गर्ने ।<br>• उक्त लैससास समितिलाई आफ्नो भुमिकाको विषयमा जानकारी गर्ने ।<br>• बस्ती स्तरमै लैससासको दृष्टीकोणका आधारमा योजना छनौट तथा बजेट विनियोजन गर्ने ।<br>• समुदाय स्तरका सम्पुर्ण |

| | | | | |
|---|---|---|---|---|
| | | | | समिति ,योजना र कार्यक्रमहरुलाई लैससासको दृष्टीकोण बाट कार्यान्वयन गर्न योजनानिर्माण गरि कार्यान्वयन गर्ने । |
| मानव संसाधन तथा क्षमता विकास | लक्षितवर्ग र कर्मचारीको क्षमता विकासमा गर्ने | लक्षितवर्ग र कर्मचारीको क्षमता विकासमा जोड दिंन | • लैगिक तथा समावेशी विकासको लागि क्षमता विकासको लागि रकम खर्च गर्ने कार्यविधि स्वीकृत गर्ने ।<br>• महिला विरुद्ध हुने सबै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमका लागि बजेट बिनियोजन सुनिश्चित गर्ने । | • दलित, पीडित महिला ,अति विपन्नवर्गको तथ्याँक संकलन तथा अध्यावधिक गर्ने ।<br>• लक्षितवर्गले पाएको सेवा सुविधाको मापन गरेर तथ्याँकको सुचीकृत गर्ने ।<br>• प्राप्त तथ्याँकलाई विश्लेषण गरि प्राथमिकिकरण गरेर उक्त लक्षितवर्गको समुहनिर्माण गरि सशक्तिकरणका क्रियाकलापहरु संचालन गर्ने ।<br>• सम्पन्ता स्तरिकरण गरिश्रमिक र सिमान्तकृत वर्गहरुका लागि लैससासको अवधारणालाई आत्मसाथ गर्दै पेशामा आधारित व्यवसायहरु संचालन गर्न पालिकामा बजेट र कार्यक्रमलाई पालिकाको वार्षिक योजनामा समावेश गर्ने ।<br>• कार्यस्थलमा हुने दुर्व्यवहार र यौन हिंसाको आचार संहिता लागु गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| सेवा प्रवाह | लक्षित वर्गहरुको सेवा सुविधा चुस्त दुरुस्त रुपमा प्रवाह गर्ने । | निरन्तर सेवा प्रवाहमा जोड | लैससासको माध्ययम बाट लक्षित वर्गको सक्रिय सहभागितामा शसक्तिकरणमा जोड | • प्राप्त तथ्याँकलाई विश्लेषण गरि प्राथमिकिकरण गरेर उक्त लक्षित वर्गको समुह निर्माण गरि सशक्तिकरणका क्रियाकलापहरु संचालन गर्ने।<br>• सम्पन्ता स्तरिकरण गरि श्रमिक र सिमान्तकृत वर्गहरुका लागि लैससासको अवधारणालाई आत्मसाथ गर्दै पेशामा आधारित व्यवसायहरु संचालन गर्न पालिकामा बजेट र कार्यक्रमलाई पालिकाको वार्षिक योजनामा समावेश गर्ने।<br>• उक्त लैससास समितिलाई आफ्नो भुमिकाको विषयमा जानकारी गर्ने ।<br>• बस्ती स्तरमै लैससासको दृष्टीकोणका आधारमा योजना छनौट तथा बजेट विनियोजन गर्ने<br>• समुदाय स्तरका सम्पुर्ण समिति ,योजना र कार्यक्रमहरुलाई लैससासको दृष्टीकोण बाट कार्यान्वयन गर्न योजना निर्माण गरि कार्यान्वयन गर्ने। |
| सुशासन | सेवा प्रदायक दिने सेवा र लाभान्वीत | पारदर्शिता र जफावदेहिता मा जोड | अधिकार र कर्तव्यको विषयमा जोड दिदै साधनस्रोत | • वडा र पालिकामा लैससास समिति गठन तथा परिचालन |

| | | | | |
|---|---|---|---|---|
| तथा उत्तरदायित्व | वर्गले लिने सेवा लाई जफाफदेहिता लाई निश्वार्थ ढंगबाट संचालन गर्ने | | परिचालनगर्ने क्षेत्रमा जोड दिने | गर्ने।<br>• उक्त लैससास समितिलाई आफ्नो भुमिकाको विषयमा जानकारी गर्ने ।<br>• बस्ती स्तरमै लैससासको दृष्टीकोणका आधारमा योजना छनौट तथा बजेट विनियोजन गर्ने।<br>• समुदाय स्तरका सम्पुर्ण समिति ,योजना र कार्यक्रमहरुलाई लैससासको दृष्टीकोण बाट कार्यान्वयन गर्न योजना निर्माण गरि कार्यान्वयन गर्ने।<br>पालिकाको लैससास नीति तयार गर्ने<br>• उक्त लैससास नीतिको कार्यान्वयका लागि लक्षित वर्गमा अभिमुखिकरण अभियानहरु चलाउने र वार्षिक रुपमा समिक्षा कार्यक्रम संचालन गर्ने।<br>• आवश्यकता अनुसार न्यायीक समिति र लैससास समुहहरुका विच अन्तक्रियात्मक छलफल तथा बहसहरु चलाउने ।<br>• न्यायीक समितिमा दर्ता भएका लैससास संग सम्वन्धीत मुद्धा तथा |

| | | | | |
|---|---|---|---|---|
| | | | | सवालहरुको समिक्षा गर्दै लैससास नीतिलाई शंसोधन गर्ने। |
| सम्मन्वय र सहकार्य | बडिमालिका नगरपालिकामा रहेका अन्य सरोकारवाला निकायसँग लैससास सम्वनिध योजना निर्माण प्रक्रियामा स्रोत तथा जनशक्ति सहकार्य गर्ने । | सरोकारवाला निकायसँग निरन्तर समनवय | सहकायभा जोड | • लक्षित वर्गले पाएको सेवा सुविधाको मापन गरेर तथ्याँकको सुचीकृत गर्ने ।<br>• प्राप्त तथ्याँकलाई विश्लेषण गरि प्राथमिकिकरण गरेर उक्त लक्षित वर्गको समुह निर्माण गरि सशक्तिकरणका क्रियाकलापहरु संचालन गर्ने। |
| अनुगमन र मुल्याङकन | लैससास नीति अनुसार कार्यक्रमहरु अगाडी वढाउने । | योजनाको निरन्तर कार्यक्रमको अनुगमन तथा मुल्याङ्कनमा जोड दिने | राम्रो गर्नेलाई पुरस्तकार र गलत गर्नेलाई दण्ड गर्ने प्रणालीको अनुशरणमा जोड । | • वेला बेलामा कामको गुणस्तर मापन गर्ने योजनाको निरन्तर अनुगमन गर्ने।<br>• योजनाको गुणस्तर मापन र समयमै कार्य सम्पादनमा गर्ने कार्यमा जोड दिने । |

CamScanner

## १२. लैससास नीतिका अपेक्षित उपलब्धीहरु

- यस पालकिामा वसोवास गर्ने सिमान्तकृत वर्ग (पछाडी परेका वा पारीएका) अती विपन्न महिला, दलीत, जनजाती लैङ्गिक तथा अल्पसख्यक ) वर्ग र समुदायको क्षमता वृद्धीका साथै सशक्तीकरण का साथै सम्पत्तीमा पहुंच र नयिन्त्रण भएको हुनेछ ।
- लैससास नितीका आधारमा रणनितीलाई संस्थागत गर्न नगरपालिकामा स्पस्ट निती,योजना,कार्यक्रम तथा वजेटको बिनीयोजन भएको हुनेछ ।
- पालिकामा हुने हरेका योजना तथा कार्यक्रमहरु लैससासको अवधारणा अनुसार मुलप्रवाहीकरण भएको हुनेछ ।
- स्थानीय सरकारको संस्थागत संरचना ,शासन व्यवस्था एवं प्रक्रिया र कार्यक्रमहरुमा महिला तथा पछाडी परेका वर्ग समुदायहरुको सक्रिय तथा अर्थपुर्ण सहभागिता बृद्धि भई लैंगिक तथा सामाजिक अन्तर विभेद र वहिष्करणको अन्त्य भएको हुनेछ ।

## १३.नीति:

१.पालिकास्तरमा लक्षित समुदायको योजना तर्जुमा प्रक्रिया लैससास माध्यमबाट मुलप्रवाहिकरण गर्न सक्रिय सहभागिता सुनिश्चीत गर्ने ।

२.लैससास अवधारणालाई पालिका स्तरमा संस्थागत गर्ने संयन्त्र तयार गर्ने ।

३. श्रोत साधनको उपभोग ,नियन्त्रणमा लक्षित बर्गको पहुँचमा सुनिश्चीत गर्ने ।

## १४.रणनीति:

१. लक्षित वर्गको क्षमता विकासमा जोड

२. सहभागितात्मक योजना तर्जुमा जोड

३. लैससासको संस्थागत संरचना निर्माणमा जोड

४. बनाएको लैससास नीतिको समय समयमा अध्यावधिक तथा समिक्षाका आधारमा कार्यान्वयन मा जोड

५. न्यायीक समिति र लैससास समितिकापदाधिकारीहरुको क्षमता विकास गर्ने ।

## १५.लैससास नीति कार्यान्वयनको लागि कार्ययोजना

| कार्यनितिक क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवाला निकाय | आर्थिक स्रोत | समय सिमा |
|---|---|---|---|---|
| • लक्षित वर्गको क्षमता विकासमा | वडीमालकिा नगरपालिका | पालिकामा रहेका लैससास | नेपाल सरकार<br>प्रदेश सरकार | २०७९।२०८० |

| | | | | |
|---|---|---|---|---|
| • बालबालिका तथा अपांगता सम्बन्धि नीति निर्माण गरि लागु गर्ने । | " | सम्बन्धी कार्य गरीरहेका संस्था प्रादेशीक शुसासन केन्द्र डोटी " | **वडीमालीका नगरपालिका** " | देखी निरन्तर निरन्तर |
| लक्षित वर्गलाई योजना तथा सहभागीताको महत्वको बारेमा अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने । | " | " | " | |
| कार्यालयमा स्तनपान कक्षको व्यवस्था गर्ने । | " | **वडीमालिका** | " | **२०८१ असार मसान्त** |
| नगरपालिका क्षेत्रमा सरकारी भवन निर्माण गर्दा अपांग तथा महिला मैत्री भवन निर्माण गर्ने । | " | " | " | निरन्तर |
| स्थानीय तहमा हुने विभेद हटाउन भोज भतेर पुजामा आफै खाने व्यवस्था मिलाउने । | " | " | " | " |
| लैंगिक सम्पर्क व्यक्तिलाई हरेक योजना तर्जुमा गर्दा अनिवार्य निर्णायक भुमिकामा समावेश गर्ने । | वडिमालिका न पा | वींडिमालिका नगरपा लका | **पालिका** | **निरन्तर** |
| विपन्न र दलीत वर्गका लागि छोरीहरुलाई पोशाक र कपी कलमको लागि बजेटको विनियोजन गर्ने । | वीडमालिका न पा | | **युनिसेफ / पालिका** | |
| स्थानीय स्रोत साधनको पहिचान गरि महिलाहरुलाई उद्यमशिल तालिमको | वडिमालिका | " | पालिका / घरेलु वि/स / लघुउद्यग विकास शाखा | निरन्तर |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| व्यवस्था गर्ने । | | | | |
| पूर्वाधारका काम गर्दा महिलाहरुलाई प्राथमिकता दिने । | **वडिमालिका न पा** | | | **निरन्तर** |
| लैंगिक सम्पर्क व्यक्तिलाई योजना तर्जुमा गर्दा अनिवार्य रुपमा निर्णायक भुमिकामा समावेश गें । | **वडिमालिका न पा** | | **नगरपालकिा** | **निरन्तर** |

## १६.जोखिम विश्लेषण

| **सम्भावित जोखिम** | **जोखिम न्युनीकरणका उपाय** |
|---|---|
| लैससास नीति तयारीकालागि आवश्यक सुचना संकलनमा अवरोध हुनसक्ने | अन्तक्रिया ,अभिमुखिकरण,छलफल आदी क्रियाकलाप संचालन गर्ने |
| तयार तथा पारित भएको लैससास नीति कार्यान्वयन हुन ढिलाईहुन सक्छ | चुस्त दुरुस्त कार्ययोजना तयार गरेर अघाडी वढ्ने |
| यस नीतिमा लक्षित वर्गका सवै सवाल सम्वोधन गर्नका लागि प्रयाप्त बजेट नहुन सक्छ । | सहयोगी निकाय वा सरोकारवाला निकायसंग निरन्तर छलफल तथा समन्वय क्षेत्रलाई व्यापक रुपम संचालन गर्ने । |
| सहयोगी निकायको सहयोग प्रयाप्त मात्रामा नहुन सक्छ । | समन्वय सहकार्यमा जोड दिने । |
| लैससासका सवै लाभान्वीत वगहरु समेट्न कठिनाई हुन सक्छ । | सामुहिक छलफललाई प्राथमिकता दिने । |
| लैससास सम्वन्धित अभिमुखिकरण कार्यक्रमहरुमा समावेश हुदै गर्दा उनीहरुको घर व्यवहारका कामहरु छुट्न गई घरेलु हिंसा वढ्न सक्छ । | सम्भव भए सम्म जोडी प्रशिक्षण ,सवै वर्गको समान सहभागिताका आधारमा अवसर प्रदान गर्ने । |

CS CamScanner

१७. वडिमालिका नगरपालिकाको लैगिक समानता तथा सामाजिक सामवेशीकरण नीतिको कार्यान्वयन समिति देहाय बमोजिम गठन हुनेछ ।

क) नगर स्तरीय समिती

१ –प्रमुख वडिमालिका नगरपालिका – संयोजक

२– नगरपालिकाको उप प्रमुख – सदस्य

३–प्रमुख प्रशासकीय अधिकृत –सदस्य

४– कार्यपालिकाको सदस्य मध्येबाट एक जना महिला सहित २ जना

५–नगरपालिकाद्धारा मनोनित लक्षीत वर्गका क्षेत्रमा काम गर्ने व्यक्त वा संस्थाबाट वढिमा २ जना एकजना महिला सहीत

६–स्थानिय तहको महिला बालबालिका शाखा प्रमुख –सदस्य /सचिव

ख).समितीको काम कर्तब्य र अधिकार

१. नगरपालिका भित्रका महिला, बालबालिका,युवा , ज्येष्ठनागरिक ,अपाङ्गता भएका व्यक्तहरु, लैङ्गिक तथा अल्पसख्यकको आर्थिक, भौतिक,सामाजिक तथा सास्कृतिक दृष्टिले पिछडिएका समुदायको खण्डीकृत तथ्याक संकलन एवं विस्लेषण गर्ने ।

२. लैङ्गिक आर्थिक, भौगोलि, सामाजिक तथा सास्कृतिक दृष्टिले पिछडिएको समुदाको अध्यन गरी तत् सम्वन्धमा गर्नुपर्ने नीतीगत, कानुनी र संस्थागत सुधारको बिषयमा नगरसभा समक्ष पेश गर्ने ।

३. संध तथा प्रदेश सरकारवाट भएका रणनिती, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने ।

४. यस निती संग सम्वन्धित कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्ने तथा आवशयक दिने कार्यक्रमको समीक्षा , अनुगमन तथा मुल्याकन गर्ने ।

५. नियमीतरुपमा लैङ्गि.क तथा सामाजिक समावेशी वजेट परीक्षण गर्ने ।

६. लैससास संग सम्वन्धित अन्तराष्ट्रिय संन्धी संझौताहरुको सम्मन्वय, सहकार्य र सहजिकरण गर्ने ।

७. नगरपालिका भित्र कार्यरत लैससास संग सम्वन्धि काम गर्ने संध/संस्थाहरुसंग सम्मन्वय सहकार्य र सहजिकरण गर्ने ।

ग) नगरपालिका लैससास कार्यान्वयन तथा अनुगमन समितीको बैठक र निर्णय

१. समितीको बैठक वर्षमा वढीमा ६ पटक सम्म वस्न सक्नेछ ।

२. संयोजकले तोकेको मिती, समय र स्थानमा वस्नेछ ।

३. समितीको वैठक वस्नु भन्दा अगाडी कम्तीमा २४ घण्टा अगावै समीतीको सदस्य /सचिवल बैठकमा छलफलहुने कार्यसुचि सहितको सुचना सवै सदस्यहरुलाई दिनु पर्नेछ ।

४) समितीको कुल सदस्य सख्याको पचास प्रतीशत भन्दा वढी सदस्यहरु उपस्थित भएमा सो समितीको गणपुरक संख्या पुगेको मानिनेछ ।

५. समितीको वैठकको अध्यक्षता समितीको सयोजकले गर्नेछ र निजको अनुपस्थितीमा उपस्थित सदस्यहरुले आफु मध्ये ज्येष्ठ सदस्यले गर्नेछ।

६. समितीले आवश्यकता अनुसार नेपालसरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै विज्ञ व्यक्तीलाई समितीको वैठकमा आमन्त्रण गर्न सक्नेछ।

**घ) वडा स्थररीय समिती :**

१ सम्बन्धित वडाको वडा अध्यक्ष : संयोजक

२. सम्बन्धित वडाका वडा सदस्य : सदस्य

३. सम्बन्धित वडा समीतीले लक्षीत वर्गको क्षेत्रमा कार्यरत व्यक्ती वा संस्थाबाट मनोनित गरेका वढीमा २ जना (एक जना महिला सहित ) जना सदस्यहरु : सदस्य

४. सम्बन्धित वडाको वडा सचिव : सदस्य /सचिव

**घ) वडा समीतीको काम कर्तब्य, अधिकार :**

१. वडा भित्रका महिला ,बालबालिका,युवा, ज्येष्ठनागरीक, आदीवासी जनजाती ,लैगिंक तथा अल्पसंख्यक , आर्थिक भौगोलिक,सामाजिक,तथा सांस्कृतिक दृशिटले पिछडिएको हकहित संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणको लागी कार्यक्रम वनाई नगरपालिकामा पेश गर्ने।

२) वडा भित्र योजना छनौट प्रकृयामा महिला, बालबालिका ,युवा ,ज्येष्ठनागरीक अपाङ्गता भएका व्यक्ति तथा अल्पसंख्यक समुदायको समुदायको सहभागिता अनिवार्य गर्ने।

३) यस रणनिती संग सम्बन्धित कार्यक्र तथा योजना कार्यान्यनमा सहयोग गर्न क्षमता अभिवृद्धीको क्षेत्र पत्ता लगाउने र उनीहरुको कार्यक्रमलाई लैसुसास मैत्री वनाउन सहजिकरण गर्ने।

## १८ . ११. बिषयक्षेत्र, निती, रणनिती,कार्यनिती संग सम्वन्धित

यस रणनितीको प्रभावकारी कार्यान्वयनका लागी विभिनन सरकारी एवं गैहसरकारी निकायहरु विकास साझेदारहरु, सामुदायिक समुह तथा नागरीकहरु विच तल उल्लेखित गरे अनुसार साझेदारी तथा सहकार्य गरीने छ।

| सम्मन्वय,सहकार्य,सहजीकरण र साझेदारीका लागी संभाव्य संस्थाहरु | संभावित कार्य तथा भुमीका |
|---|---|
| महिला दलीत, आदीवासी जनजाती पिछडीएको समुदाय आदलैलौ | खास सरोकारका समुह /समिती / महिला शाखाद्धारा प्रवद्धित सहकारी संस्थामाका सदस्यहरुको खण्डकित तथ्याकं संकलन तथा विश्लेशण गरीएका तथ्याकहरुका आधारमा योजना तथा वजेट सुनिश्चित गर्ने |

| | |
|---|---|
| वञिचतीकरणमा परेको समुदाय | र कार्यक्रमको अनुगमन, सम्मन्वय सहकार्य र सहजिकरण गर्ने । |
| विकास साझेदार संस्थाहरु | केन्द्रीय ,प्रदेश र स्थानिय सरकाहरुले लैससास सम्वन्धि वाधा र क्षमता विकासको अवस्था विश्लेषण गर्नेकार्यमा सहयोग र साझेदारी गर्ने । |
| नगरीक समाज, गैहसस तथा निजी क्षेत्र | महिला तथा वच्चितीकरणमा परेकासमुह व्यक्तिलाई आर्थिक, प्राविधिक र बयवसायिक सहयोग पुऱ्याउन सम्मन्वय र सहकार्य गर्ने । |
| स्थानिय समुदाय | ✓ लैससासको दृष्टिकोणबाट योजना प्रगति एवं चुनौतिहरुको आफै अनुगमन गर्ने ।<br>✓ महिला तथा वच्चित समुहको विकासलाई सिमीत गर्ने विद्यमान विभेदकारी प्रचलनहरुको विरुद्ध आवाज उठाउनुका साथै छलफल गराउन सहयोग गर्ने । |

## १८. रणनिती पुनरावलोकन तथा सुधार

यस रणनिती कार्यान्वयनको प्रभावकारीता ,उपयुक्तता ,उपादेयिताको मुल्याकनलाई आवश्यकता अनुसार पुनरावलोकन तथा सुधार गरीनेछ ।

## १९. बाधा अडचन फुकाउने

यस रणनितीको कार्यान्यनमा कुनै वाधा अडचन आएमा यस रणनितीका प्रावधानलाई प्रतीकुल आईनपर्नेगरी स्थानिय सरकाले बाधाअडचन फुकाउन सक्ने छ ।

### अनुसुची १

**कार्यदलको नामावली** **सम्पर्क नं**

१.श्री नन्दा थापा नगर उप–प्रमुख वडीमालिका नगरपालिका – संयोजक – ९८४८४८०१८९

२श्री रंगमल बि क प्रमुख प्रशासकीय अधिकृत वडिमालिका नगरपालिका – सदस्य –९८५८४२८१११

३.श्री हेम थापा सुचना अधिकारी – सदस्य – ९८४१७९६५६६

४.श्री केशरी कुमारी रोकाय महिला तथा बालबालिका शाखा प्रमुख –सदस्य – ९८४८४३७०३१

५.श्री गोपाल महत प्रशासन सहायक –सदस्य – ९८००१९०६३

समाप्त

CS CamScanner